# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

प.सः ०८१/०८२ (शैक्षिक प्रशासन)
च.नः २५५२

bmceducationsection@gmail.com


मितिः २०८१/०९/०२
ने.सं. ११४५, थिँलागा २ मंगलबार

श्री कक्षा ११ र १२ सञ्चालित संस्थागत विद्यालयहरू, सबै
भरतपुर महानगरपालिका, चितवन।

**विषय : निर्णय कार्यान्वयन सम्बन्धमा।**

प्रस्तुत विषयमा नगर शिक्षा समितिको मिति २०८१/८/२७ गतेको बैठकको निर्णय बमोजिम संस्थागत विद्यालयहरूमा हाल सञ्चालित कक्षा ११ र १२ को विहानी कक्षाका सम्बन्धमा निम्नानुसार गर्नु गराउनु हुन अनुरोध छ।

१ शैक्षिक सत्र २०८१ मा दुवै कक्षामा गरी बढीमा ४ वटासम्म कक्षाहरू विहानी सत्रमा सञ्चालन भएका विद्यालयहरूले तयार पार्नु पर्ने पुर्वाधार सम्बत् २०८२ असार मसान्तभित्र पुरा गर्ने र सम्बत २०८२ श्रावणबाट कुनै पनि कक्षालाई विहान सञ्चालन गर्न नपाउने गरी अन्तिम १ पटकको लागि चालु शैक्षिक सत्रको बाँकी अवधिसम्मको लागि (२०८२ असार मसान्तसम्म) पाठ्यक्रमले तोकेको पाठ्यघन्टा पुरा हुने गरी विहान ६ बजे देखि ११ बजेसम्म पठनपाठन गर्ने।

२ शैक्षिक सत्र २०८१ मा दुवै कक्षामा गरी ४ वटा भन्दा बढी कक्षाहरू विहानी सिफ्टमा सञ्चालन भएका विद्यालयहरूले तयार पार्नु पर्ने पुर्वाधार २०८३ असार मसान्त भित्र पुरा गर्ने शर्तमा सम्बत २०८३ असार मसान्तसम्ममात्र हाल कक्षा ११ का विहानी कक्षाहरूमा अध्ययनरत विद्यार्थीहरूलाई २०८२ श्रावण देखि कक्षा १२ मा पाठ्यक्रमले तोकेको पाठ्यघन्टा पुरा हुने गरी विहान ६ बजे देखि ११ बजेसम्म पठनपाठन गर्ने। शैक्षिक सत्र २०८२ को लागि दिउँसोको समयमामात्र कक्षा सञ्चालन गर्ने गरी कक्षा ११ मा विद्यार्थी भर्ना लिने र चालु शैक्षिक सत्रको बाँकी अवधिका लागि (२०८२ असार मसान्तसम्म) पाठ्यक्रमले तोकेको पाठ्यघन्टा पुरा हुने गरी विहान ६ बजे देखि ११ बजेसम्म पठनपाठन गर्ने।

३ माध्यमिक तहमा पठन पाठन हुने विषयहरू होटल व्यवस्थापन (Hotel Management), कम्प्युटर विज्ञान (Computer Science), भौतिक शास्त्र (Physics), रसायनशास्त्र (Chemistry) र जीव विज्ञान (Biology) जस्ता विषयहरूको प्रयोगशालामा निर्दिष्ट पाठ्यक्रमले तोकेका सबै प्रयोगात्मक अभ्यासहरू गर्न सकिने गरी भौतिक पुर्वाधार र उपकरण तथा अन्य सामग्रीहरूको व्यवस्थापन गर्ने र पाठ्यक्रमले तोकेबमोजिम सबै विद्यार्थीहरूले प्रयोगात्मक अभ्यास गर्न पाउने अवस्था सिर्जना गर्ने।

सुवासचन्द्र आचार्य
उपसचिव

**सादर अवगतार्थः**
श्रीमान नगर प्रमुखज्यू,
श्रीमान नगर उपप्रमुखज्यू,
श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
श्री सूचना तथा सञ्चार प्रविधि शाखाः वेबसाइटमा अपलोड गरिदिनु हुन।